**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

## शुभकामना

आज १६ औ 'गणतन्त्र' दिवस। 'गणतन्त्र' दिवस जनता सार्वभौम भएको महान उत्सव हो । नेपाली जनता विजयी भएको यस सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनी तथा कोशी प्रदेशवासीमा हार्दिक शुभकामना व्यक्त गर्दछु । जनताबाट निर्वाचित प्रतिनिधि मार्फत संविधान सभाको पहिलो बैठकले २०६५ साल जेठ १५ गते नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेको थियो ।

यो ऐतिहासिक दिनको सम्झनालाई चिरस्थायी बनाउन सरकारले प्रत्येक वर्ष जेठ १५ लाई गणतन्त्र दिवसको रुपमा मनाउदै आइरहेको तथ्य हामी सबैमा विदितै छ । यो अवसरमा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरुमा प्राण उत्सर्ग गर्ने महान शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते, अपाङ्गता तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नयाँ संविधानको निर्माण, राज्यको पुन: संरचनासँगै प्रदेशहरुको नामकरण गरी तीन तहकै दोस्रो आवधिक निर्वाचन सम्पन्न भइसकेको छ। नागरिकको सेवा र विकास निर्माणका लागि सहकार्य, समन्वय र सहअस्तित्वका आधारमा सङ्घीय संरचनाका तीनैवटै तहबीच समन्वय गर्दै अगाडि बढ्ने काम भइरहेको छ। राज्यको पुन: संरचना र आवधिक निर्वाचन मार्फत विगतमा सिंहदरवारमा केन्द्रित अधिकार गाउँघरमा पुगेको अनुभूति आम नागरिकले गर्न थालेका छन्।

जुनसुकै शासन प्रणालीलाई पनि संस्थागत हुन, सुदृढ बन्न र त्यसले परिणाम दिन निश्चित समय लाग्छ नै। कुनै पनि प्रणालीको विकासका क्रममा झिनामसिना समस्याहरु देखा पर्नु स्वाभाविक हो। तर त्यसैलाई आधार बनाएर कुनै पनि कोणबाट गणतन्त्र माथि प्रश्न उठाउने र पुरानो व्यवस्थातिर फर्कन खोज्ने प्रतिगामी प्रयासहरु अनुचित हुन्। इतिहासको गतिलाई अब कसैले पनि पछाडि फर्काउन सक्दैन।

गणतन्त्रको स्थापनासँगै मुलुकमा विकास र समृद्धिको यात्रा प्रारम्भ भएको छ । भौतिक विकास तर्फ भएको उल्लेख्य प्रगती, शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका नीतिगत र संरचनागत सुधारका प्रयासहरु, नीति निर्माण तहमा बढ्दो समावेशी सहभागिता, विगतमा पछाडि पारिएको जाती, वर्ग र क्षेत्रलाई राज्यको मुल प्रवाहमा ल्याउन भइरहेको प्रयासहरु गणतन्त्रकै प्रतिफल हुन्। जसले मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको आधारहरु निर्माण गरिरहेको छ। तर पहाडी क्षेत्रको बढ्दो बसाँइ सराइ, शिक्षा र रोजगारीको नाममा भइरहेको पुँजी र दक्ष जनशक्तिको पलायन, बढ्दो बेरोजगारी, जनचाहाना अनुसारको शासकीय सुधार प्रमुख चुनौतिका रुपमा देखा परेकाछन् ।

यस्तो अवस्थामा हाम्रो सिङ्गो प्रदेश, प्रदेश भित्रका सबै राजनीतिक दलहरु, नागरिक समाज र हामी सबै दाजुभाइ तथा दिदीबहिनीहरु एक जुट भएर यी साझा चुनौती विरुद्ध लड्न जरुरी छ। यसका लागि म सबैमा हार्दिक आह्वान र अनुरोध गर्दै पुन: शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद**

**मितिः २०८० जेठ १५ गते सोमबार**

..............................

**हिक्मतकुमार कार्की**
**मुख्यमन्त्री**